क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ४६, २०८२ साउन १४ गते बुधबार (30 Jul., 2025) -मूल्यः रु. ५१-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# देश विकासका लागि सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री ओली

-पश्चिम नेपाल संवाददाता
धनगढी, १३ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार देश विकासका लागि प्रतिबद्ध रहेको बताएका छन ।

कैलालीको पूर्वी क्षेत्रमा निर्माणाधीन राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिँचाइ आयोजनाको दोस्रो चरणमा निर्माण पूरा भएको सिँचाइ प्रणाली र विद्युत् गृहको मंगलबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा परिर्वतन ल्याउनका लागि योगदान गरेका दुई ठूला दलको अहिलेको सरकार स्थिरता, स्थायित्व कायम गर्नेगरी काम गरिरहेको बताए । प्रधानमन्त्री ओलीले भने, 'देशमा स्थिरता, स्थायित्व, विकास, सुशासन ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न सरकार प्रतिबद्ध छ, आगामी चुनावसम्म यो सरकार जान्छ ।' रानीजमरा कुलरिया सिँचाइ आयोजनाको निर्माणबाट सरकारको विकासप्रतिको चाहाना एवं तीव्रता दिने कुरालाई झल्काएको उल्लेख गर्दै उनले यो आयोजनाको तेस्रो चरणको काम पनि पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री ओलीले १२० वर्षदेखिको परम्परागत सीपबाट सुरू भएको यो सिँचाइ प्रणालीलाई आधुनिक स्वरूपमा विस्तार गरिएको उल्लेख गर्दै स्थानीयको जनसहभागिता र सरकारको समन्वयबाट आजको यो सफलता प्राप्त भएको बताए । देश विकासका लागि प्रतिबद्ध रहेका उनले यो सिँचाइ आयोजना निर्माणबाट नेपालको जलस्रोत तथा ग्रामीण कृषि क्षेत्रको विकासमा ऐतिहासिक उपलब्धि भएको बताए । यस आयोजनाले ग्रामीण जीवनशैली परिवर्तन कृषि उत्पादनमा वृद्धि ऊर्जामा आत्मनिर्भर खाद्य सुरक्षामा टेवा पुऱ्याउन सहयोग गर्ने उनले विश्वास व्यक्त गरेका छन ।

प्रधानमन्त्री ओलीले भने, 'सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले यो सिँचाइ आयोजनाको तेस्रो चरणको काम अघि बढाउन विश्व बैंकसँग ऋण लिने निर्णय गरेको छ ।' उनले मधेसमा देखिएको सुक्खाग्रस्त समस्याका साथै खानेपानीको अभाव समाधान गर्न ५०० वटा डिप बोडिङ जडान गर्न लागेको बताए । चुरे संरक्षणका लागि चुरे क्षेत्रमा मत्स्यपालन र पोखरी निर्माण गरी पानी रिचार्ज हुनसक्ने भएकाले सरकारको ध्यान यसतर्फ गएको उनले बताए ।

सुनकोशी मरिन डाइभर्सन, भेरी बबै सिँचाइ आयोजना, तम्मोर डाइभर्सन लगायत महत्त्वपूर्ण आयोजनाको निमार्ण पूरा गर्न सरकारले ध्यान दिएको








उनले बताए । सामाजिक संस्कृति, सभ्यता मूल्यमान्यताविपरीत एकथरीले जथाभावी गाली गर्ने, सामाजिक सञ्जालमा खाली लेख्ने, हरेक विकासका काममा विरोध गर्ने गरेकोप्रति उनले असन्तुष्टी व्यक्त गरेका छन् ।

ऊर्जा जल स्रोत सिँचाइमन्त्री दिपक खड्काले दुई ठूला दल एक ठाउमा उभिएर काम गर्दा राजनीतिक परिवर्तन र देश विकासको सवालमा प्रतिफल दिइरहेको बताउँदै हरेक दलहरू जिम्मेवार हुनुपर्नेमा जोड दिएका छन् । उनले यो सिँचाइ आयोजनामा निर्माण भएको विद्युत् गृहबाट वार्षिक राम्रो आम्दानी हुने देखिएको उल्लेख गरेका छन् ।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले सिँचाइ आयोजनाको निर्माण भएबाट मुलुकले समृद्धिको आधार तय गरेको अनुभव भएको सुनाए । उनले सुदूरपश्चिम जलस्रोतमा धनी भए पनि यसको सही सदुपयोग हुन नसकेकाले उपयोग गर्नुपर्नेमा जोड दिए । मुख्यमन्त्रीले प्रदेशका महत्त्वपूर्ण सडक सञ्जाल, गेटा विश्वविद्यालय र रानीजमरा कुलरिया सिँचाइ आयोजनाको बाँकी खण्डको निमार्णका लागि पर्याप्त बजेट छुट्याउन व्यावस्था गर्न प्रधानमन्त्रीसँग आग्रह गरेका छन ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले पहिलो तथा दोस्रो चरणमा निर्माण भएको नहरसहितको सिँचाइ प्रणालीबाट १४ हजार ३०० क्षेत्रफल जग्गामा सिँचाइ पुगेको र विद्युत्गृहबाट चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन भएको बताए । सिँचाइ प्रणालीबाट स्थायी रूपमा सिँचाइ सुविधा उपलब्ध हुँदा धान, गहुँ र मकैको उत्पादकत्व वृद्धि भएको उनले बताए । यसअघि प्रधानमन्त्री ओलीले यो सिँचाइ आयोजनाको कर्णाली नदीमा रहेको मुख्य मुहान (इन्टेक) को स्थलगत निरीक्षण अनुगमन गरेका थिए। प्रधानमन्त्रीको स्थलगत निरीक्षण टोलीमा ऊर्जा जल स्रोत तथा सिँचाइमन्त्री खड्का, सुदूरपश्चिमका मुख्यमन्त्री शाह, मन्त्रालय र सिँचाइ विभागका पदाधिकारीहरूको सहभागीता रहेको थियो।

आर्थिक वर्ष २०६७/०६८ देखि निर्माण सुरू गरिएको यो आयोजनाको पहिलो चरण २०७४/०७५ मा सकिएको थियो भने दोस्रो चरण २०८०/०८१ मा सम्पन्न भएको हो। अद्यावधिक गुरुयोजनाअनुसार २०८२ मसान्तसम्म २० अर्ब ५८ करोड ५६ लाख बराबरको (६९.५५ प्रतिशत) काम र ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाले जनाएको छ। विश्व बैंक र नेपाल सर कारको संयुक्त लगानीमा निर्माण भएको यो सिँचाइ आयोजनाअन्तर्गत पहिलो र दोस्रो चरणमा गरी १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । साथै सिँचाइ प्रणालीअन्तर्गत नै जानकी गाउँपालिका-९ कटाँसेमा निर्माण पूरा भएको विद्युत्गृहबाट चार दशमलव ७१ मेगावाटको विद्युत् उत्पादन भएको छरु। उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

सिँचाइ आयोजनाको लम्की शाखातर्फ १४ किलोमिटर ६५० मिटर मूल नहर बनिसकेको छ । यसका शाखा र उपशाखा नहर बनेमा थप छ हजार हेक्टर जमिनमा सिँचाइ पुग्ने र आयोजनाको सिञ्चित क्षेत्र २० हजार ३०० हेक्टर हुनेछ । तेस्रो चरणको काम पूरा भएमा यो सिँचाइ आयोजनाबाट कूल ३८ हजार ३०० हेक्टर क्षेत्रफलको जग्गामा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने आयोजना कार्यालयका प्रमुख प्रेम घिमिरेले बताए ।

## नेपाल-भारत सीमा कार्यदलको सातौं बैठक सम्पन्न




-पश्चिम नेपाल संवाददाता
धनगढी, १३ साउन

नेपाल-भारत सीमा कार्यदलको सातौं बैठक नयाँ दिल्लीमा सौहार्दपूर्ण र मैत्रीपूर्ण वातावरणमा सम्पन्न भएको छ । नेपाली प्रतिनिधि मण्डलको नेतृत्व नापी विभागका महानिर्देशक प्रकाश जोशीले गरेका थिए भारतीय प्रतिनिधिमण्डलको नेतृत्व त्यहाँको नापी विभागका महानिर्देशक हितेशकुमार एसरु. मकवानाले गरेका थिए ।

बैठकले अगस्ट २०१९ मा देहरादूनमा आयोजित छैटौं बैठकको नतिजाको कार्यान्वयनको समीक्षाका साथै सोही वर्षको सेप्टेम्बरमा सोही स्थानमा २०१९ मा आयोजित ११ औं नापी विभागका अधिकारी सम्मिलित समिति बैठकको कार्य प्रगतिको समीक्षा गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

बैठकले नेपाल र भारत सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरूको निरीक्षण र मर्मतसम्भारकासँग सम्बन्धित संयन्त्रका कामलाई अझ प्रभावकारी बनाउन सर्वेक्षण र नक्साङ्कनमा नयाँ प्रविधि अपनाउने सहमति जनाएको छ ।

बैठक सहमतिपत्रमा हस्ताक्षरसँगै समापन भएको छ । दुवै पक्षले नापी विभागका अधिकारी सम्मिलित समितिको अर्को बैठक आगामी महिना नेपालमा र सीमा कार्यदलको अर्को बैठक दुवै देशलाई अनुकूल हुने मितिमा नेपालमा गर्ने सहमति जनाएका मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

सीमा कार्यदल नेपाल र भारत सरकारद्वारा सन् २०१४ मा गठन भएको संयुक्त निकाय हो । यसलाई सीमा स्तम्भहरूको निर्माण, पुन:स्थापना र मर्मत र अन्य प्राविधिक कार्यहरू गर्ने कार्यादेश छ ।

## प्रधानमन्त्रीको भारत भ्रमणमा व्यापार समस्या समाधान गर्न वार्ता हुन्छः मन्त्री भण्डारी

**काठमाडौं** : उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी भारत भ्रमणका क्रममा व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि उच्च तहमा वार्ता गर्नेगरी तयारी भइरहेको बताएका छन् ।

'नेपाल फ्रेट फरवार्डस् एसोसिएसन'ले ३१ औं कार्गो दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा मन्त्री भण्डारीले व्यापार समस्या समाधानका विषयमा प्रधानमन्त्री ओलीलाई जानकारी गराउनेगरी मन्त्रालयको कार्यक्रम तय भएको बताए । प्रधानमन्त्री ओलीको भारत भ्रमणका क्रममा व्यापार प्रवर्धनका विषयमा पनि वार्ता हुने उनले बताए । नेपालको पहिलो बजार छिमेकी देश भारत र चीन भएकाले दुवै देशबिच हुने व्यापार समस्या समाधान गर्न सरकारले काम गर्ने उनले प्रतिबद्धता जनाए ।

दुवै देशबिच व्यापारको स्तरवृद्धि हुनेगरी काम गर्न मन्त्रालयले पहल गरिरहेको मन्त्री भण्डारीले बताए । अरूका वस्तु खरिद गरेर मात्र व्यापार नहुने उल्लेख गर्दै उनले आफ्नो देशका उत्पादन विदेशमा निर्यात गरेर बिक्री बढाउने वातावरण बनाउने गरी काम भइरहेको बताए ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेल, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डे, आयोजक संस्थाका अध्यक्ष राजेन्द्र सङ्घौलालगायतले नेपालले अन्य देशसँग गरिरहेको व्यापार प्रवर्धन गरिनुपर्नेमा जोड दिए ।

महाकाली सिँचाइ आयोजना तेस्रो चरण

# कामको गति बढाउनुहोस्, बजेटको चिन्ता नगर्नुहोस् : मन्त्री खड्का

## बनेको नहरमा पानी बगाउन जरुरी छ, माथील्लो तहबाट यसको पहल होस् : कार्यालय प्रमुख मिश्र

-पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, १३ साउन

उर्जा, जलस्रोत तथा सिचाईमन्त्री दीपक खड्काले महाकाली सिचाई आयोजना तेस्रो चरण राष्ट्रिय गौरवको आयोजना भएकोले यस्ता आयोजनाहरुमा बजेट अभाव हुन नदिन सरकार सचेत रहेको बताएका छन् ।

'राष्ट्रिय गौरवका र प्रत्यक्ष जनतालाई लाभ हुने उत्पादनसंग जोडीएका आयोजनाहरु यो सरकारको प्राथमीकतामा छन्, जति बजेट विनियोजन भएको छ कम आएको भनेर नसोच्नुस्, अघिल्लो बर्ष खर्च गर्न नसेकेको भएमा पनी त्यसो हुन्छ, काम र खर्चको गति बढाउनुहोस् बजेटको चिन्ता नगर्नुहोस् हामी अन्तबाट काटेर भएपनि हाल्छौ ।' मन्त्री खड्काले भने, 'निर्माणाधिन नहरमा पानी सञ्चालन गर्न पनी धेरै ठुलो समस्या छ जस्तो मलाई लाग्दैन, कामको गति अझै बढाउन पर्‍यो, पानी लिनेदिने कुरामा समस्या छैन ।'

सोमबार निर्माणधिन नहरको अवलोकन गरेपछि राती ९ बजे कञ्चनपुरको महेन्द्रनगर स्थित महाकाली सिचाँइ तेस्रो चरणको कार्यालय पुगेका उनले कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारी, मन्त्रालयको टिम र सरोकारवालाहरुलाई राखेर यस्तो बताएका हुन् ।

महाकाली सिँचाइ आयोजना तेस्रो चरणका कार्यालय प्रमुख डा. योगेन्द्र मिश्रले प्रस्तुत गरेको कार्ययोजनामा ३ बर्षमा सम्पन्न गर्ने भनिएको कामलाइ सकभर १ बर्ष नभए डेढ बर्षमा सक्नेगरि लाग्न उनले निर्देशन दिए ।

'तपाईले तीन बर्षमा सक्ने भनेर प्रस्तुत गरेको देख्दा केही सानो बिवाद आउँदा सोझै ५ बर्ष लाग्ने देखिन्छ, जसले लागत पनी बढ्छ, मुआब्जा बिवादलाई चाँडो समाधान गरि द्रुत गतिमा काम अगाडी बढाउन पर्‍यो ।' उनले भने, 'भारतीय पक्षले बनाउनुपर्ने नहर निर्माणको काम गरिसकेको छ, हाम्रो तिरको गतिपनि बढाउँन लाग्न पर्‍यो अनि पानी छिट्टै बगाउन सकिन्छ ।' सन्धी सम्झौतामा उल्लेख भएका कुरा कार्यान्वयन गराउने कुरामा सरकार दृढ रहेकोले यसमा शंका नगर्न उनले सबैमा आग्रह गरे ।

महाकाली सिँचाइ आयोजना तेस्रो चरणको ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण भएको वर्षौं भइसकेको छ । फुलेलीदेखि कैलालीको गोदावरीसम्म थप २० किलोमिटर निर्माणाधीन अवस्थामा छ । मूल नहर निर्माण भएको २८ किलोमिटरमा २२ वटा शाखा नहरमध्ये आधा निर्माण भइसकेका छन् ।

### बनेको नहरमा पानी बगाउन जरुरी छ : कार्यालय प्रमुख मिश्र

पाँच हजार हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा उपलब्ध गराउन सकिने गरि काम सम्पन्न भईसकेको हुँदा बनेको नहरमा पानी सञ्चालन गरेर किसानलाई सुविधा दिनमा ढिलाई गर्न नहुने कार्यालय प्रमुख मिश्रको भनाइ छ। 'संरचना तयार भए पनि भारतले टनकपुरबाट नहरमा पानी नछोड्दा नहरबाट यहाँका किसानले सिचाँइ सुविधा पाउन सकेका छैनन्, पानी छोड्न सक्यो भने सिचाईका साथसाथै नहरको संरक्षण समेत हुनेछ ।' कार्यालय प्रमुख मिश्रले भने, 'थप काम गर्न र किसानलाई सम्झाईबुझाई गर्न समेत सजिलो हन्छ, बनेको ठाउँमा पानी चलाउन नसक्दा किसानले

-बाँकी सामाचार पृष्ठ ३ मा

# शुक्लाफाँटामा बाघको संख्या बढ्दो, साँघुरो क्षेत्रमै ४३ बाघ

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १३ साउन**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जकमा पाटेबाघको संख्या ४३ पुगेको छ। जसमा २१ वटा भाले र १९ वटा पोथी तथा विश्लेषणका आधारमा थप तीन गरेर बाघको संख्या ४३ पुगेको निकुञ्ज कार्यालयले जनाएको छ। निकुञ्जले नेपाल सरकारले जारी गरेको बाघ तथा आहारा प्रजातिको अनुगमन प्रोटोकलमा आधारित रहेर २०८१ कार्तिक देखि पौष १० गतेसम्म बाघको आन्तरिक अनुगमन गरेको थियो। यस अघि २०२२ मा भएको राष्ट्रिय गणनामा बाघको संख्या ३६ देखिएको थियो, अब २०२६ मा राष्ट्रिय गणना हुने निकुञ्ज कार्यालयले जनाएको छ।

विश्वको दुर्लभ मानिने बाह्रसिङ्गाको झुण्ड देख्न पाइने शुक्लाफाँटा पाटेबाघका लागि पनि उपयुक्त बसस्थान मानिएको छ। तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो निकुञ्जमा पर्याप्त आहारा, बासस्थानको उचित व्यवस्थापनले बाघको संख्या बढ्दै गएको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले बताए। उनका अनुसार निकुञ्जमा सन् २०१३ मा १७ वटा बाघ रहेकामा २०१८ मा १६, २०२१ मा १९, २०२२ मा ३६, २०२३ मा ३३ र २०२४ मा ४४ पुगेको थियो। निकुञ्जका अनुसार थोरै क्षेत्रफल रहेको शुक्लाफाँटामा बाघको यो संख्या धेरै हो। ‘यहाँ बाघका लागि आहारा र बासस्थानको उचित वातावरण भएकाले थोरै क्षेत्रफलमा पनि धेरै बाघ छन्।’ वाग्लेले भने, ‘निकुञ्जमा कोर एरिया व्यवस्थापन प्रभावकारी छ, यहाँ १०० बढी पानीका ताल छन् त्यसकारण बाघको आहारा बढेकाले शुक्लाफाँटामा बाघको संख्या बढ्दै गएको हो।

उनले शुक्लाफाँटाभित्र रहेका ठूलो घाँसेमैदान, चौधर नदी, रानीताल र सिकारी तालजस्ता तालतलैया र निकुञ्जभित्र प्रशस्त आहाराका लागि प्रजाति बढेसँगै बाघको संख्या पनि बढ्दै गएको बताए। उनका अनुसार निकुञ्जमा बाघको प्रमुख आहाराका रूपमा बाह्रसिङ्गा, रतुवा, चित्तल र बँदेल छन्। वाग्लेले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज दुर्लभ वन्यजन्तु र वनस्पतिका लागि प्रख्यात भए पनि यसको प्रचारप्रसारको कमी, पूर्वाधार नहुनुलगायत समस्याले यहाँ उलेख्य पर्यटक आउन नसकेको बताए। वि.स. २०३३ सालमा नेपालको दषिण पश्चिम भागमा रहेको कञ्चनपुर जिल्लाको भारतसंग जोडिएको दक्षिण १५५ वर्ग किलामिटर क्षेत्रफललाई समेटि विश्वकै ठुलो बह्रसिंगाको बथान संरक्षणको लागि वन्यजन्तु आरक्षको रुपमा स्थापना भएको शुक्लाफाँटा बन्यजन्तु आरक्षको पूर्वतर्फ थप १५० वर्ग किलोमिटर क्षेत्रलाई समेत वि.स. २०५१ सालमा समेटि ३०५ वर्ग किलामिटर क्षेत्रफलमा विस्तार गरि २०७३ साल फगुन ९ गते राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरि संरक्षण, व्यवस्थापन र सदुपयोगका कायृ हुँदै आएको छ। यस निकुञ्जको ५२ प्रतिशत क्षेत्र साल वनले र १९ प्रतिशत भु-भाग एशियाको सबैभन्दा ठुलो घासेमैदानले ढाकेको छ। ‘जैविक विविधताले भरिपूर्ण शुक्लाफाँटा पर्यटकका लागि आकर्षक गन्तव्य हो। थोरै क्षेत्रफलमा यहाँ धेरै वन्यजन्तुको अवलोकन गर्न सकिन्छ’, वाग्लेले भने, ‘शुक्लाफाँटा पर्यटनको ठूलो सम्भावना बोकेको गन्तव्य हो, यहाँ भारतीय पर्यटकको ठूलो सम्भावना छ तर नाकामा असहजताका कारण सम्भावना भएअनुसार पर्यटक आउन सकेका छैनन्।’ यस निकुञ्जमा जंगली हात्ती, एकसिंगे गैडा, पाटे बाघ, बाह्रसिंगा, हिस्पिड खरायो, सुनगोहोरो, अजिङ्गर, कृष्णसार तथा करिब ४६४ प्रजातिका पंछीहरु रहेका छन्। निकुञ्जमा दुई हजार ३२३ बढी बाह्रसिङ्गा छन्। यस निकुञ्जको मध्यवर्ती क्षेत्रको क्षेत्रफल २४३.५ वर्ग किलोमिटर रहेको छ।




नेपाल सरकारले जारी गरेको बाघ तथा आहार प्रजातिको अनुगमन प्रोटोकलमा आधारित रहेर बाघको अनुगमन गरिएको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत चन्द्र शेषर चौधरीले बताए। ‘क्यामेरा ट्र्यापिङ’ विधिबाट बाघ गणना गर्ने गरिन्छ। शुक्लाफाँटाको क्षेत्रफललाई २ गुणा २ किलोमिटरको सय ग्रीड बनाएर स्वचालित क्यामेरा जडान गरिएका थिए। प्रत्येक ग्रीडमा एक जोडी क्यामेरा जडान गरिन्छ। सो क्षेत्रबाट आवातजावत हुँदा क्यामेराले तस्वीर कैद गर्छ।

स्वचालित क्यामेरामा कैद भएका तस्बिरको विश्लेषण गरेर पाटे बाघको गणना गर्ने गरिन्छ। अनुगमनका लागि क्यामेरा जडान गरिएको करिब एक महिनाको अवधिमा पाटे बाघका एक हजार ६९ तस्वीर कैद भएका थिए।

‘सहअस्तित्व र आयआर्जन, बाघ संरक्षणका लागि व्यवहार परिवर्तन’ भन्ने नारासहित मंगलबार बाघ दिवस मनाइएको छ। बाघ दिवसकै अवसरमा निकुञ्जले गत वर्षको अनुगमन नतिजा सार्वजनिक गर्नुका साथै अर्जुनी क्षेत्रस्थित पूर्व-पश्चिम राजमार्ग आसपास सरसफाइ पनि गरेको छ। बाघले शुक्लाफाँटाको सबै क्षेत्रमा विचरण गरेको पाइएको राष्ट्रिय प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रमका प्रमुख लक्ष्मी जोशीले बताए। उनका अनुसार निकुञ्जको घाँसे मैदान र पूर्वी सेक्टरमा पनि बाघको विचरण पाइएको हो। एउटा वयस्क बाघलाई विचरणका लागि करिब ६५ वर्ग किलोमिटर क्षेत्रफल आवश्यक पर्ने गरेको वनकर्मी बताउँछन्।

पाटे बाघ अनुगमन कार्यका लागि जेड एस नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट आर्थिक सहयोग तथा अनुगमन कार्यमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र रुद्रध्वज गणका कर्मचारी तथा राष्ट्रिय प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रमका वन्यजन्तु प्राविधिकहरुको सहभागिता रहेको सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए।

# ‘विद्युत् खपत बढेका कारण ‘ट्रिपिङ’ हुने समस्या छ’

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १३ साउन**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले हाल ‘लोडसेडिङ’ अवस्था नरहेको स्पष्ट पार्नुभएको छ।

मंगलबार धनगढीमा आयोजित एक कार्यक्रममा उनले विद्युत् निर्यात समेत भइरहेको हुँदा ‘लोडसेडिङ’ अवस्था नरहेको बताए। उनले भने, ‘गर्मीका समयमा विद्युत् खपत बढेका कारण लोड धान्न नसकेर ट्रिपिङ हुने समस्या छ’, उनले भने, ‘वर्षातका बेला धेरै ठाउँमा मर्मत गर्नुपर्ने, चट्याङका कारण ट्रान्सफर्मर जल्नेजस्ता समस्या आउँछन्। मर्मत गर्न केही समय लाग्छ। यसलाई लोडसेडिङ भनेर अफवाह फैलाइरहेको अवस्था छ।’

**महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर**

**भर्ना सम्बन्धि सूचना**

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५









# कामको गति बढाउनुहोस्, बजेटको चिन्ता...











जग्गा दिन आनाकानी गर्ने, पानी ठेगान नभएको भन्दै किसान हर्षित नहुने समस्या छ ।' पानी सञ्चालन गर्न पहल गरिदिन समेत उनले आग्रह गरे । टनकपुर ब्यारेजबाट भारतीय पक्षले पानी नछाड्दा किसानको खेतमा पानी पुग्न नसकेको हो । उक्त नहर निर्माण भएर परीक्षण समेत भइसकेको अवस्थामा भारतीय पक्षले आनाकानी गर्दा पानी सञ्चालन हुन सकेको छैन । चार वर्षअघि उक्त नहर परीक्षणको क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन । टनकपुर बाट पानी छाड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपीसी) ले पानी छाड्न नमानेको कार्यालय प्रमुख मिश्रले बताए । एनएचपीसीले माथिल्लो तहबाटै उद्घाटन गरेर मात्रै पानी छाड्न सकिने बताउँदै आएको छ । 'दिल्लीको आदेश आउनेबित्तिकै पानी छाड्छौ भन्ने जवाफ एनएचपीसीका कर्मचारीले दिने गरेका छन्', उनले भने ।

दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा उक्त आयोजनाको उद्घााटन गरेपछि मात्रै नहरमा पानी आउने अवस्था बनेको छ । आगामी भदौमा प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण तय भएको छ । उक्त भ्रमणका क्रममा यो विषयले प्राथमिकता पाउन सके नेपालले महाकाली सन्धिअनुसारको पानी महाकाली नदीबाट पाउने छ । तर यस बिषयमा मन्त्री खड्काले भने केही भनेनन् । नहरमा पानी सञ्चालन हुन सके निर्माण कम्पनीलाई पनि कामको गति बढाउन दबाब पुग्ने आयोजना निर्देशक मिश्र बताउँछन् 'अहिले जग्गा अधिग्रहण गर्दा पनि बनेको नहरमा पानी आएको छैन भन्ने जवाफ आउँछ',उनले भने, 'नहरमा पानी सञ्चालन हुन सकेमा खेतमा सिँचाइ हुने आसमा यी समस्याको समाधान पनि हुने थियो ।'

'यहाँ जग्गाको मुख्य समस्या छ, यहाँका नागरिकले मुआब्जा रकम बढी दाबी गर्ने गरेका छन्, नहर बनाउनुपर्ने स्थानमा ऐलानी जग्गा छ, मुक्त कमैयाको जग्गा छ', उहाँले भन्नुभयो, 'जग्गा र वनको समस्याले आयोजनाको काममा ढिलाइ हुँदै आएको छ ।' आर्थिक वर्ष २०६३/६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुवातदेखि नै प्रयाप्त बजेट नहुँदा निमार्ण कार्यले गति लिन सकेनको थिएन । सरकारले आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निमार्ण कार्यले गति लिएको थियो । लक्ष्यअनुसार मुल नहरसहित १५१ किलोमिटर नहर निमार्ण भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । आयोजनाका अनुसार हालसम्म रु नौ अर्ब ३० करोड बजेट खर्च भइसकेको छ । चालु आर्थिक वर्षमा पनि आयोजनाका लागि करिब रु दुई अर्ब बजेट विनियोजन भएको छ । कञ्चनपुरमा हाल महाकाली सिचाँइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा उपलब्ध छ । विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिचाँइ पहिलो चरणबाट चार हजार ८०० र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट छ हजार ८०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिचाँइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिका तथा बेलडाँडी गाउँपालिकासम्म सिचाँइ सुविधा उपलब्ध छ । महाकाली सिचाँइ तेस्रो चरणको काम सम्पन्न भए कैलाली र कञ्चनपुरको थप ३५ हजार हेक्टरमा सिचाँइ सुविधा पुग्नेछ ।










कोरोनाबाट बच्ने उपाय

❖नियमित रुपमा साबुन पानीले हात धोऔं,
❖संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
❖रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
❖अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
❖भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
❖बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
❖खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
❖खोप अनिवार्य रुपमा लगाऔं,
❖कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७